वर्ष २१ | अंक ८८ | काठमाडौं | मंगलवार, ८ पुस २०८२ | Tuesday, 23 December 2025 | पृष्ठ ८ | मूल्य रु. १०

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

# राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड

ब्लुस्टार कम्प्लेक्स, त्रिपुरेश्वर-११, काठमाडौं ।
फोन नं.: ०१-५३३२७४८

## वार्षिक साधारण संभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति पौष ०८, २०८२**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति पौष ०७, २०८२ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा आफै उपस्थित हुन वा आफ्नो प्रतिनिधि मनोनयन गरी पठाई भाग लिन हुन सम्पूर्ण शेयरधनीहरुलाई अनुरोध गर्दछौं ।

**क. सभा हुने मिति, समय र स्थान :**

मिति : पौष २९, २०८२ (जनवरी १३, २०२६)
समय : बिहानको १०:३० बजे, मंगलबार
स्थान : वेलकम पार्टी प्यालेस, चापागाउं, ललितपुर ।

**ख. छलफलको विषय :**

**१. साधारण प्रस्तावहरु**

क) संचालक समितिको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
ख) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०८१/८२ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।
ग) आ.व. २०८२/८३ को लागि लेखा परिक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

**२. विशेष प्रस्तावहरु**

क) हकप्रद शेयर निष्काशन गर्ने ।
ख) जारी पुँजी संशोधन सहित कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।
ग) नियमक निकायहरुको निर्देशनमा प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**३. विविध**

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. सभामा भाग लिनु हुने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान १०:०० बजे देखि खुल्ला रहने छ ।
२. लेखा परिक्षण प्रतिवेदन सहित कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन लगायतका कागजातहरु निरिक्षण गर्न तथा प्रतिलिपी आवश्यक भएमा कार्यालय समय भित्र कम्पनीको कर्पोरेट कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न सकिनेछ ।
३. वार्षिक साधारण सभा प्रयोजनको लागी कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजीको कार्य मिति पौष १५, २०८२ एक दिन बन्द रहने छ । शेयरधनी पुस्तिका बन्द भएको अघिल्लो दिन मिति पौष १४, २०८२ सम्म कायम रहेका शेयरधनीहरु वार्षिक साधारण सभामा भाग लिनका लागी योग्य हुनेछन् ।
४. संगठित संस्था शेयरधनी भएको हकमा संस्थाले प्रतिनिधि नियुक्त गरेको व्यक्ति अख्तियारी पत्र सहित उपस्थित हुनपर्नेछ र प्राकृतिक व्यक्तिले नियुक्त गर्ने प्रोक्सी कम्पनीको शेयरधनी हुनपर्नेछ । संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा शेयरधनी दर्ता किताबमा पहिलो नाम उल्लेख भएको शेयरधनी वा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्ति मात्र सभामा भाग लिन पाउनेछ ।

५. सभामा भाग लिनको लागी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले कम्पनीको अर्को शेयरधनीलाई कम्पनीको आधिकारिक प्रतिनिधि (प्रोक्सी) फारम भरी सभा हुनु भन्दा एक (१) दिन अगावै अर्थात पौष २८, २०८२ दिउँसो ४:०० बजे भित्र यस कम्पनीको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

६. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई (शेयर विभाजन नहुने गरी) प्रोक्सी नियुक्त गर्नु पर्दछ । शेयर विभाजन गरेर दिइएको प्रोक्सी स्वत: बदर हुनेछ । एकै शेयरधनीले एक भन्दा बढी प्रोक्सी नियुक्त गरेको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सी मान्य हुने छ । त्यसपछि आउने प्रोक्सी स्वत: बदर वा अमान्य हुनेछ । तर पहिले दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनी नियुक्त गरेमा अघिल्लो प्रतिनिधि (प्रोक्सी) बदर भई पछिल्लो प्रतिनिधि (प्रोक्सी) मान्य हुनेछ ।

७. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न र प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

८. शेयरधनी महानुभावहरु सभास्थलमा आउँदा झोला तथा अन्य वस्तुहरु नलिई आउनु हुन अनुरोध गरिन्छ । साथै सुरक्षाकर्मीबाट आवश्यक जाँच हुन सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनु हुन विनम्र अनुरोध गरिन्छ ।

९. साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

१० आफ्नो परिचय पत्र (सरकारी कार्यालयबाट जारी भएको) वा शेयर अभौतिकीकरण गरेको व्यक्ति नै देखिने हितग्राही खाताको विवरण (Demat Account Statement) प्रस्तुत गरेपछि मात्र सभा स्थल भित्र प्रवेश गर्न पाइनेछ ।

११. साधारण सभामा प्रस्तुत गरिएका प्रस्तावहरुमा आफ्नो राय तथा सुझावहरु दिन चाहनु हुने शेयरधनीहरुले मिति पौष २८, २०८२ दिउँसोको २:०० बजे सम्ममा आफ्नो राय तथा सुझावहरु लिखित रुपमा उपलब्ध गराउनु पर्नेछ । लिखित रुपमा राय तथा सुझावहरु उपलब्ध गराउने शेयरधनीहरुले मात्र उक्त सभामा आफ्नो राय तथा सुझावहरु राख्न पाउनेछन् ।

**संचालक समितिको आज्ञाले**

**(कम्पनी सचिव)**